# श्री सेती सामुदायिक वन उपभोक्ता समूह

गोदावरी न.पा. ०४ , कैलाली

पत्र संख्या : २०७९/०८०
च.नं. २५ ८०

मिति : २०८०।०२।३०

### गोलिया काठ लिलाम बिक्री सम्बन्धि बिस्तृत सूचना

(पहिलो पटक सूचना प्रकाशन मिति: २०८०/०२/२६)

यस सा.व.उ.स.को सामुदायिक वन क्षेत्रबाट आ.व. २०७९/०८० मा नियमानुसार संकलन गरि समूहको कम्पाउण्डमा घाटगद्दी भएको तपशिल बमोजिम लट र परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। सुदूरपश्चिम प्रदेश वन नियमावली २०७८ को नियम ९ मा व्यवस्था भए बमोजिमका उद्योगहरुले यो सूचना मिति २०८०/०२/२६ गतेको सिटी पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र रितपूर्वकको सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ।

**तपशिल:**

१) वन पैदावारको विवरण :-

| वन पैदावारको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| लट नं. | जत | ग्रेड | गोलिया थान | काठको परिमाण (घ.फि.) | न्यूनतम मूल्य (रु.) | संकलन खर्च (रु.) | कैफियत |
| १।२०७९/०८० | साल | A | ५८ | ७६९.३२ | ७६९३२० | प्रति क्यु. फि. रु. २५० | |
| | | B | २९ | २५४.६४ | १७८२४८ | | |
| | | C | ९ | ४९.०८ | २४५४० | | |
| | जम्मा | | ९६ | १०७३.०४ | ९७२१०८ | | |
| | खोटे सल्ला | A | ३४ | ६२४.१३ | २१८४४५.५ | | |
| | | B | ९ | ८६.५९ | २१६४७.५ | | |
| | जम्मा | | ४३ | ७१०.७२ | २४००९३ | | |

२) बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति: २०८०/०३/१४ (ख) समय: दिँउसो ४:०० बजे सम्म

३) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति: २०८०/०३/१५ (ख) समय: दिँउसो १:०० बजे सम्म

४) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको यस श्री सेती सामुदायिक वन उपभोक्ता समूहको रा.बा. बैंक शाखा कार्यालय अत्तरियामा रहेको खाता नं.४१७०१००००४९३०००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकको ६ महिनाको बैंक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नु पर्नेछ।

५) बोलपत्र फाराम प्रति लटको रु. १,०००।- (पछि फिर्ता नहुने गरी) यस श्री सेती सा.व.उ.स.को कार्यालय, गोदावरी न. पा. ४ तथा डिभिजन वन कार्यालय, धनगढी, कैलालीबाट खरिद तथा दाखिला गर्न सकिनेछ।

६) लिलाम बढाबढ हुने वन पैदावार गोदावरी न.पा. ४ स्थित सा.व.उ.स.को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ।

७) लिलाममा भाग लिन उद्योगका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ।

८) निर्धारित न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८०/०३/१५ गते दिनको ३:०० बजे साँक्षीहरुको रोहवरमा खोलिने छ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम, राजश्व, मूल्य अभिबृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ।

१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

११) बोलपत्र विक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुने छ।

१२) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सा.व.उ.स. मा निहित रहनेछ।

१३) सिलबन्धी खामको बाहिर स्पष्ट रुपमा बोलपत्र दाताको नाम, ठेगाना तथा लट नं. उल्लेख गर्नु पर्ने छ।

१४) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क गर्नु हुन सकिनेछ।

१५) माथि उल्लेख भएका बुदाहरु बाहेक छुट हुन गएका बुदाहरुमा प्रचलित कानुन बमोजिम हुने छ।

(तिलक बहादुर खनाल)